कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

प्रदेश नं. ५

प.सं. :- ०७५/०७६
च.नं. :- 2568

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना!!!

## प्रथम पटक सूचना प्रकाशन मितिः२०७६/०२/३०

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको प्रशासन, सहकारी तथा गरिवी निवारण महाशाखाको प.सं. ०७५/०७६, च.नं.९२, मिति २०७६/०२/०९ को प्राप्त पत्र र यस कार्यालयको मिति २०७६/०२/२९ गतेको निर्णय अनुसार गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि तपशिल बमोजिमको दक्ष जनशक्ति आवश्यकता परेकोले इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| विज्ञापन नं. | पद | पद संख्या | तलव स्केल |
|---|---|---|---|
| ०४/०७५/०७६ | सुपरिवेक्षक | २ | ना.सु. वा सो सरह |
| ०५/०७५/०७६ | गणक | १३ | खरिदार वा सो सरह |

१। सेवाको अवधीः नियुक्ति भएको मितिले बढीमा ५ महिना

२। आवश्यक शैक्षिक योग्यताः क)सुपरिवेक्षकः मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्क शास्त्र जनसंख्या अर्थशास्त्र वा गणित विषय सहित कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको।

ख) गणकः मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्क शास्त्र जनसंख्या अर्थशास्त्र वा गणित विषय सहित कम्तिमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरि कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको।

३। उम्मेद्वारको उमेरः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

४। उम्मेद्वारको छनौट विधिः क) कम्प्युटर सिप परीक्षण ख) अन्तर्वार्ता

५। दरखास्त फारामः कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट प्राप्त हुनेछ।

६। दरखास्त बुझाउने समय र स्थानः कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र बुझाउनु पर्ने छ।

७। परिक्षा दस्तुरः सुपरिवेक्षकको रु४००।र गणकको रु ३००।

८। संलग्न राख्नु पर्ने कागजातः शैक्षिक योग्यताको प्रमाण पत्र, नेपाली नागरिकता प्रमाण पत्र, अनुभवको प्रमाणपत्र र कम्प्युटर ज्ञान सम्वन्धी प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

९। दरखास्त दिने अन्तिम मितिः सुचना प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र साथै अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन।

नोटः स्थानीय वासिन्दालाई प्राथमिकता दिइने छ।

दशरथ ...
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)